# मिति २०७७ साल माघ २० गतेका दिन लिखु गाउँ कार्यपालिका बैठकको निर्णय

**प्रस्तावित विषयहरुः-**

१. समिक्षा सम्बन्धमा।
२. बेरुजु संपरीक्षण सम्बन्धमा।
३. बजेट तथा कार्यक्रम संशोधन सम्बन्धमा।
४. विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धमा।
५. जग्गा खरिद सम्बन्धमा।
६. सवारी साधन बीमा सम्बन्धमा।
७. एक्स रे मेशिन माग सम्बन्धमा।
८. जग्गा दाताको माग सम्बन्धमा।
९. सडक बोर्डमा योजना प्रस्ताव सम्बन्धमा।
१०. एम्बुलेन्स खरिद सम्बन्धमा।
११. स्थानीय हाट बजार व्यवस्थापन तथा सञ्चालन समिति सम्बन्धमा।
१२. सुधारिएको चुलो वितरण कार्यक्रम सम्बन्धमा।
१३. विविध सम्बन्धमा।

**निर्णयहरुः-**

१. **निर्णय नं. १,** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वयन भएको अवस्थामा अझ यसलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्न सरोकारवाला पक्षहरु बीचमा समन्वय गरी अगाडि बढ्ने सर्वसम्मतबाट निर्णय गरियो।

२. **निर्णय नं. २,** प्रस्ताव नं. २ माथि आवश्यक छलफल छलफल गर्दा आ.व. २०७६/७७ को महालेखा परीक्षकको कार्यालयबाट भएको अन्तिम लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदन अनुसार अनियमित देखिएको बेरुजु नियमित तथा खर्च अनुमोदन गर्न गाउँ सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

- गाउँपालिका परिसर भित्रको बाटो व्यवस्थापन कार्य अ.स.ई. राम कुमार बुढाथोकीबाट रु. ६,७९,५७९/- को कार्य अमानतबाट गरिएको अनियमित देखिएकोमा अब उपरान्त प्रचलित खरिद कानूनको व्यवस्था बमोजिम गर्ने गरि यस पटक नियमित गर्ने।
- पूंजीगत तथा चालू किसिमका वस्तु तथा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई सोझै खरिद गरिएकोमा भौगोलिक जटिलता तथा आपूर्तिकर्ताको न्यून उपलब्धताका कारणले त्यसो हुन गएको तर

आगामी वर्षमा प्रतिस्पर्धा सीमित नहुने गरि कानूनी व्यवस्था बमोजिम नै खरिद गर्ने गरि यस पटकलाई रु. ४६,१७,९००/- नियमित गर्ने ।

३. **निर्णय नं. ३,** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा सातौं गाउँसभाबाट आ.व. २०७७/७८ का लागि स्वीकृत बजेट तथा कार्यक्रमको संशोधन प्रस्ताव पारित गरि गाउँसभामा स्वीकृतीका लागि पेश गर्ने सर्वसम्मत निर्णय गरियो । बजेट तथा कार्यक्रमको संशोधन प्रस्ताव यसै साथ संलग्न छ ।

४. **निर्णय नं. ४,** प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा आ.व. २०७७/७८ का लागि संघीय सशर्त अनुदान विद्यालय भौतिक पूर्वाधार निर्माण अन्तर्गत प्राप्त रकम मध्ये नमूना विद्यालय निर्माणका लागि रु १ करोड ५० लाख बराबरको लागत अनुमान अनुसारको विद्यालय भवन निर्माण बोलपत्र विधिद्वारा कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

५. **निर्णय नं. ५,** प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा गाउँपालिकामा खेल मैदान तथा प्रशासकीय भवन प्रयोजनका लागि भक्त बहादुर खत्रीबाट साविक यसम ३ को कित्ता नं. ७७ को २-८-३-२ रोपनी र साविक यसम ५ को कित्ता नं. ७६ को १-०-०-० रोपनी पूर्व तर्फबाट र ०-७-०-० रोपनी दक्षिण पश्चिमबाट तथा मन्जु श्रेष्ठबाट साविक यसम ७ को कित्ता नं. ६४७ को ०-५-०-० रोपनी उत्तर तर्फबाट जग्गा खरिद गर्ने भनी गाउँ कार्यपालिका कार्यालयको मिति २०७७/१०/०८ को निर्णय सर्वसम्मतबाट अनुमोदन गरियो ।

६. **निर्णय नं. ६,** प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा गाउँ कार्यपालिका कार्यालय तथा वडा कार्यालय अन्तर्गत रहेका सवारी साधनहरु यथाशीघ्र म्याद भित्रै सम्बन्धित कार्यालयमा नवीकरण गराउने सर्वसम्मत निर्णय गरियो ।

७. **निर्णय नं. ७,** प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा यस गाउँपालिकाको चालू आ.व.को स्वीकृत कार्यक्रम अनुसार स्वास्थ्य चौकी गाम्नाङटारबाट प्रदान गरिने सेवालाई प्राथमिक स्वास्थ्य केन्द्रको रुपमा स्तरोन्नति गर्न आवश्यक जनशक्ति तथा सामग्री व्यवस्थापन गरिएको र सो का लागि एक्स रे मेसिन आवश्यक रहेकोले सामाजिक विकास मन्त्रालय, प्रदेश नं १ लाई अनुरोध गर्ने सर्वसम्मत गरियो ।

८. **निर्णय नं. ८,** प्रस्ताव नं. ८ माथि आवश्यक छलफल गर्दा ५ शैय्याको अस्पताल निर्माणका लागि निशुल्क रुपमा जग्गा प्रदान गर्ने दाताहरु घन बहादुर खड्का, राधेश्याम खड्का र भक्त बहादुर खड्काले संयुक्त रुपमा ईच्छा, आशय पत्र मिति २०७७/०८/०९ मा गाउँ कार्यपालिका कार्यालयमा दर्ता गराएकोमा निज दाताहरु प्रति

उच्च सम्मान प्रकट गर्दै धन्यवाद ज्ञापन गर्ने, अस्पताल निर्माण भए पश्चात उपचार सेवामा सहुलियत तथा कानूनी रुपमा सम्भाव्य आशय तथा ईच्छाहरु कार्यान्व्यन गर्ने सर्वसम्मत निर्णय गरियो।

९. **निर्णय नं. ९,** प्रस्ताव नं. ९ माथि आवश्यक छलफल गर्दा गाउँपालिका परिसर सडक मर्मत योजनालाई सडक बोर्ड नियमावली, २०६० बमोजिम समपूरक कोषको समेत व्यवस्था गरि सडक बोर्डमा प्रस्ताव गर्ने सर्वसम्मत निर्णय गरियो।

१०. **निर्णय नं. १०,** प्रस्ताव नं. १० माथि आवश्यक छलफल गर्दा यस गाउँपालिकामा एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समितिद्वारा सञ्चालित एम्बुलेन्स मिति २०७७/०३/११ गते दुर्घटना भई मर्मत गर्न नमिल्ने गरि क्षतिग्रस्त भएको हुँदा एम्बुलेन्स सेवा पुनः सञ्चालन गर्न खरिदका लागि बीमा बापत प्राप्त रकम सहित आवश्यक थप रकम व्यवस्थापन सम्बन्धी प्रस्ताव गाउँ सभामामा स्वीकृतीका पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

११. **निर्णय नं. ११,** प्रस्ताव नं. ११ माथि आवश्यक छलफल गर्दा स्थानीय हाट बजार व्यवस्थापन तथा संचालन समिति सम्बन्धमा देहाय बमोजिम गर्ने सर्वसम्मत निर्णय गरियो।

क) स्थानीय हाट बजार व्यवस्थापन तथा संचालन कार्यविधि,२०७७ को दफा ३ अनुसार देहाय बमोजिम स्थानीय हाट बजार व्यवस्थापन तथा सञ्चालन समिति गठन गर्ने।

- श्री गोविन्द बहादुर पौडेल (कार्यपालिकाको अध्यक्ष वा निजले तोकेको कार्यपालिका सदस्य) अध्यक्ष
- श्री अभय कुमार गुप्ता (प्रमुख प्रशासकीय अधिकृत) सदस्य
- श्री रामहरि बुढाथोकी (आर्थिक विकास समितिका संयोजक) सदस्य
- श्री घन बहादुर कार्की (४ नं. वडाका वडाध्यक्ष) सदस्य
- रिक्त (हाट बजार भित्र कम्तीमा ६ महिना देखि व्यवसाय गर्दै आएका व्यवसायी मध्येबाट सर्वसम्मत निर्वाचित भई वा सर्वसम्मत हुन नसकेमा १ स्टल १ भोट प्रणालीबाट निर्वाचन भएको १ जना महिला सहित २ जना प्रतिनिधि) सदस्य
- प्रतिनिधि माग गर्ने (कृषि विकास समितिबाट मनोनित १ जना) सदस्य
- प्रतिनिधि माग गर्ने (राजश्व तथा आर्थिक प्रशासन शाखा प्रतिनिधि १ जना) सदस्य
- प्रतिनिधि माग गर्ने (उपभोक्ता हित संरक्षण समितिको प्रतिनिधि १ जना) सदस्य
- श्री केविराज तामाङ्ग (गाउँपालिका प्रहरी प्रमुख) सदस्य
- श्री ओम प्रकाश तामाङ्ग (आर्थिक विकास शाखा प्रमुख) सदस्य सचिव

ख) माथि उल्लेखित निर्णय बमोजिम गठित समितिका सेवा सुविधा प्रचलित कानून बमोजिम प्रदान गर्ने ।

**१२.निर्णय नं. १२, प्रस्ताव नं. १२** माथि आवश्यक छलफल गर्दा सुधारिएको चुलो वितरण सम्बन्धमा देहाय बमोजिम गर्ने सर्वसम्मत निर्णय गरियो ।

क) सुधारिएको चुलो आवश्यकता सम्बन्धि वडा कार्यालय मार्फत् माग संकलन गर्ने ।

ख) सुधारिएको चुलो वितरण गर्दा लाभग्राहीको योगदान २०% निर्धारण गर्ने ।

**१३.निर्णय नं. १३, प्रस्ताव नं. १३** माथि आवश्यक छलफल गर्दा आवश्यकता अनुसार कार्यपालिकाको बैठक बस्ने सर्वसम्मतबाट निर्णय गरियो ।